# राष्ट्रिय सूचना आयोग

का.म.न.पा- १० (देवीनगर), काठमाडौं

प.सं. २०७९।०८०

च.नं.

## माध्यमिक शिक्षामा सूचनाको हक सम्बन्धी प्रेष विज्ञप्ति ।

नेपालको संविधान र सूचनाको हकसम्वन्धी कानूनले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्न सक्ने माध्यमका रुपमा माध्यमिक तहको शिक्षा र विद्यार्थीलाई लिन सकिन्छ ।पाठ्यक्रम विकाश केन्द्रका महानिर्देशक श्री वैकुण्ठ प्रसाद अर्याल लगायतका पदाधिकारीसँग आयोगमा आज भएको छलफलको क्रममा केन्द्रले कक्षा १२ को सामाजिक विषयमा र अन्य कक्षामा समेत सुशासन विषयभित्र सूचनाको हकलाई समावेश गरिएको अवगत गराएको थियो । सूचनाको हक सम्बन्धी विषयलाई माध्यमिक शिक्षाको पाठक्रममा समावेश गर्दा प्रत्येक वर्ष ५ लाखभन्दा वढी विद्यार्थीसम्म पुऱ्याउन सकिने अवसर रहेको देखियो । आजको वैठकमा आयोगका पदाधिकारीहरु, आयोगका सचिव लगायत कर्मचारीहरुको सहभागिता रहेको थियो । तसर्थ, आजको वैठकवाट देहाय वमोजिम गर्ने निर्णय भएको छ ।

१. सूचनाको हकसम्बन्धी शिक्षक-स्रोत सामाग्रीलाई अद्यावधिक गर्ने र शिक्षकहरुलाई उपलब्ध गराउन व्यवस्था मिलाउने ।
२. कक्षा ८ को सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको पाठ्यपुस्तकमा कम्तिमा पनि एउटा पाठमा सूचनाको हकसँग सम्वन्धित विषय समावेश गर्ने ।
३. शिक्षकलाई प्रदान गरिने तालिम कार्यक्रममा सूचनको हकसम्वन्धी विषय समावेश गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाउने ।

२०७९, भदौं १६ विहीवार

कमला ओली थापा
प्रवक्ता तथा सूचना आयुक्त